आज मिति २०८३ असार ८ गतेका दिन बिहान ११:०० बजे पञ्चपुरी नगरपालिकाका नगर नगर प्रमुख श्री लालविर भण्डारी ज्यूको अध्यक्षतामा आ.व.२०८२/०८३ को कार्यपालिकाको २३ औं बैठक तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

बैठक संख्याः- २३

स्थानः- पञ्चपुरी नगरपालिका कार्यपालिकाको बैठक कक्ष

बैठक प्रारम्भः- बिहान ११:०० बजे

बैठकको अन्त्यः- अपरान्ह ४:३० बजे

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय वाक्याचौर, सुर्खेत कर्णाली प्रदेश नेपाल

उपस्थितिः-

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालविर भण्डारी | नगर प्रमुख | |
| २ | श्री मुक्तिदेवी रेग्मी पुरी | उप प्रमुख | |
| ३ | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री याम बहादुर बि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बलबहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नर बहादुर सिजापती | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खिम बहादुर वयकक्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पूर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री चन्द्रा आलेमगर | कार्यपालिका सदस्य | |
| १५ | श्री भावना रावल | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री कोपिला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री कमला सुवेदी | कार्यपालिका सदस्य | |
| १९ | श्री गोर्खे कामी | कार्यपालिका सदस्य | |
| २० | श्री देवेन्द्रबहादुर राजी | कार्यपालिका सदस्य | |
| २१ | श्री भगे कामी | कार्यपालिका सदस्य | |
| २२ | श्री नारायण बहादुर विष्ट | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

लालविर भण्डारी
नगर प्रमुख

CamScanner

मिति २०८३।०३।०८ गते बसेको आ.व. २०८२।०८३ का २३ औं बैठकका पेश भएका प्रस्तावहरु:

१। २२ औं कार्यपालिकाको निर्णय समीक्षा,
२। आ.व. २०८३।०८४को नीति तथा कार्यक्रम छलफल,
३। महालेखा परीक्षकबाट स्वीकृत तथा दिइएको सुझाव सम्बन्धमा,
४। न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा,
५। समर्थनको आर्थिक विधेयकहरु पेश गर्ने,
६। सबै आयोजना तथा योजना फरफारक सम्बन्धमा,
७। संवैधानिक निकायका सुझावहरुको कार्यान्वयन सम्बन्धमा,
८। आगामी आ व २०८३।०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा,
९। नगर शिक्षा योजना (२०८३।०८४ देखि २०८७।०८८) को प्रतिवेदन पेश सम्बन्धमा,
१०। चालु आव २०८२।०८३ मा भए गरेका सम्पूर्ण पूंजीगत र चालुखर्च सम्बन्धमा,
११। आ.व. २०८३।०८४ देखि कार्यान्वयन हुने त्रिवर्षीय क्षमता विकास योजना सम्बन्धमा,
१२। नगरपालिकामा सामाजिक सुरक्षा कोष सुनिश्चितता सम्बन्धमा,
१३। विपद् व्यवस्थापन कोषबाट सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा,
१४। बराहक्षेत्र पर्यटन पार्क विस्तृत आयोजना अध्ययन प्रतिवेदन सम्बन्धमा,
१५। विविध सम्बन्धमा ।

आ.व. २०८२।०८३ **मा बसेको २३ औं बैठकका पेश भएका प्रस्तावहरु माथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ मा छलफल गरियो । २२ औं कार्यपालिकाको निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल र समीक्षा गरियो र कार्यान्वयन सन्तोषजनक रहेको देखियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं २ छलफल गरियो यस अनुसार आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमहरु माथि छलफल गरी पारित गरियो र आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं ३ मा छलफल गरियो यस अनुसार आ.व. २०८१।०८२ मा यस नगरपालिकामा भएको अन्तिम लेखा परीक्षण पश्चात महालेखा परीक्षकको कार्यालयबाट तयार भएको प्रतिवेदनमा उल्लेखित सुझावहरु छलफल गरियो र नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल तथा समीक्षा गरियो । न्यायिक समितिबाट पेश भएको आ.व. २०८२।०८३ को न्यायिक समितिको प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश नेपाल

लालसिंह भण्डारी
नगर प्रमुख

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ५: प्रस्ताव नं. ५ मा छलफल गरियो । आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन र स्रोत व्यवस्थापनको लागि तपसिल विधेयकहरु आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | विधेयकको नाम | विधेयकको प्रयोजन |
|---|---|---|
| १ | आर्थिक विधेयक, २०८३ | राजश्व संकलन सम्बन्धमा |
| २ | विनियोजन विधेयक, २०८३ | विनियोजित श्रोत खर्च अख्तीयारी सम्बन्धमा |

निर्णय नं. ६: प्रस्ताव नं. ६ मा छलफल गरियो । चालु आ.व. २०८२।०८३ मा कार्यसम्पन्न भएका पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, लक्षित वर्ग कार्यक्रम, सुशासन तथा संस्थागत विकास लगायतका आदि आयोजना तथा कार्यक्रमहरु फरफारक गर्ने निर्णय गरियो र नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ मा छलफल गरियो । आ.व. २०८२।०८३ स्थानीय तहको कार्यसम्पादन, सेवाप्रबाह र विकास कार्यलाई पारदर्शि, जवाफदेही र उत्तरदायी बनाउन विभिन्न संवैधानिक निकायबाट प्राप्त सुझावहरुको यस नगरपालिकामा कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा र छलफल गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ मा छलफल गरियो । आ.व. २०८३।०८४ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ मा छलफल गरियो । नगर शिक्षा योजना (२०८३।०८४ देखि २०८७।०८८) यस शैक्षिक योजना स्वीकृत गर्ने र नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० मा छलफल गरियो । चालु आव २०८२।०८३ मा भए गरेका सम्पूर्ण पूंजीगत, चालुखर्च एवम् यस कार्यपालिकाको विभिन्न मितिमा संसाधन भएका आयोजना तथा कार्यक्रमहरु अनुमोदन तथा समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ मा छलफल गरियो । यस अनुसार आ.व. २०८३।०८४ देखि कार्यान्वयन हुने यस नगरपालिकाको त्रिवर्षीय क्षमता विकास योजना निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ मा छलफल गरियो । यस पञ्चपुरी नगरपालिकामा कार्यरत करार, सेवा करार, ज्यालादारी तथा अन्य योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने कर्मचारीहरुको सामाजिक सुरक्षा सुनिश्चित गर्न तथा प्रचलित योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, श्रम ऐन २०७४ एवम् प्रचलित कानून बमोजिम नगरपालिकालाई रोजगारदाताको रुपमा सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी योग्य कर्मचारीलाई समेत कोषमा आबद्ध गर्ने तथा सो सम्बन्धी सम्पूर्ण प्रक्रिया, आवश्यक कागजात पेश, कर्मचारी सूचीकरण, योगदान रकम कट्टी तथा जम्मा गर्ने लगायतका कार्यहरु गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : प्रस्ताव नं. १३ मा छलफल गरियो । यस सम्बन्धमा पञ्चपुरी नगरपालिका वडा नं २ निवासी मन कुमारी नेपाली, र पञ्चपुरी ३ निवासी इन्द्र बहादुर बुढाको आर्थिक अवस्था कमजोर

प्रमाणित

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

लालविर भण्डारी
नगर प्रमुख

भएको कारण आर्थिक विपन्नतालाइ सहजीकरण गर्न विपद् व्यवस्थापन कोषबाट व्यवस्था हुने गरी निज व्यक्तिहरुलाई तपसिल बमोजिम प्रतिव्यक्ति रु २५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क सं. | व्यक्तिको नाम, थर | ठेगाना | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | मन कुमारी नेपाली | पञ्चपुरी २ | २५,०००।- | |
| २ | इन्द्र बहादुर बुढा | पञ्चपुरी ३ | २५,०००।- | |
| जम्मा | | | ५०,०००।- | |

निर्णय नं. १४: प्रस्ताव नं. १४ मा छलफल गरियो । यस सम्बन्धमा मिति २०८३।०१।६ गतेको कार्यपालिकाको निर्णयअनुसार वराहक्षेत्र पर्यटन पार्क विस्तृत आयोजना अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने सम्बन्धमा Sharma Engineering Consulting Pvt. ltd. का प्रतिनिधि इन्जीनियर अमित बमले पेश गर्नुभएको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरीयो र TOR बमोजिम प्रगति सन्तोषजनक देखियो ।

निर्णय नं. १५: पञ्चपुरी नगरपालिका वडाहरुको DPR वडा नं. ३ को विस्तृत आयोजना अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने मिति २०८२।२।१३ गतेको सम्झौता बमोजिम Awarran Associaed Pvt ltd परामर्शदाता प्रतिनिधीले पेश गर्नुभएको उक्त प्रतिवेदन माथि छलफल गरीयो र TOR बमोजिम प्रगति सन्तोषजनक देखियो ।

निर्णय नं. १६ : रोजगारी सृजना तथा आयआर्जन हुने मोटर ड्राइभिङ तालिम सञ्चालनका लागि मिति २०८३।०२।१३ मा प्रकाशित सूचना अनुसार छनौट हुने तालिम प्रदायक संस्थासंग आगामी आ.व.मा भुक्तानी दायित्व सार्ने गरि सम्झौता गर्ने, प्रत्येक वडाबाट २ जनाका दरले सहभागि छनौट हुने गरि सञ्चालन गर्ने र तपशील बमोजिम तालिम सञ्चालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क स | आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम रु | तालिम अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटर ड्राइभिङ तालिम | पञ्चपुरी नगरपालिका | ४,००,०००/- | ३० कार्यदिन | चालु आ व २०८२।०८३ मा कार्यसम्पन्न नभएमा आ.व. २०८३।०८४ मा दायित्व सार्ने । |

निर्णय नं १७ : भूमी प्रशासन कार्यालय वीरेन्द्रनगर, सुर्खेतको च.नं. १०८५१ मिति २०८३।०२।२० गतेको पत्रबाट आ.व. २०८३।०८४ को जग्गाको न्यून मूल्यांकन निर्धारणका लागि राय माग भएको सम्बन्धमा आगामी आ.व.२०८३।०८४ मा भूमी प्रशासन कार्यालय सुर्खेत कार्यक्षेत्र अन्तर्गत पञ्चपुरी नगरपालिका क्षेत्र भित्रका जग्गाको थैली अंक चालु आ.व. २०८२।०८३ मा भएको थैली अंक नै कायम राख्ने गरी राय लेखी पठाउने निर्णय गरियो ।

प्रमाणित

२०८३।०३।०४

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश
नेपाल

लालविर भण्डारी
नगर प्रमुख

CamScanner

निर्णय न.१८: सडक मर्मत सम्भार सम्बन्धमा तपसिलको दुलालथाई स्कूल देखी पिपल चौतारा हुदै ८ नं वडा कार्यालयदेखि खोटे चोक जोड्ने सडक मर्मत सम्भार गर्ने कार्यको लागि रकम रु.४,००,०००।- विनियोजन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र सं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजित रकम रु | श्रोत | कार्यान्वयनविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दुलालथाई स्कूल देखी पिपल चौतारा हुदै ८ नं वडा कार्यालय देखि खोटेचौक जोड्ने सडक मर्मतसम्भार गर्ने कार्य | पञ्चपुरी, ८ | ४,००,०००।- | मर्मत सम्भार कोष | उपभोक्ता समिति | |

निर्णय नं. १९: विधालय स्तरोन्नती सम्बन्धमा तपसिल बमोजिमका विधालयहरुले माग गरेका अति आवश्यक मालसामानहरु यस नगरपालिकाबाटै खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | ने.रा. प्रावि चनाली कम्प्यूटर प्रिन्टर खरिद । | पञ्चपुरी ४ | १,४५,०००।- | सोझै खरिद | |
| २ | शहिद प्रा. वि. कम्प्यूटर र ल्याप्टप खरिद | पञ्चपुरी ४ | १,४५,०००।- | सोझै खरिद | |
| ३ | जीवन ज्योती प्रा. वि. डाडाखाल कम्प्यूटर र ल्यापटप खरिद | पञ्चपुरी ८ | १५०,०००।- | सोझै खरिद | |
| ४ | जीवनज्योती प्रावि ठाडा गाडा सोलार कम्प्यूटर प्रिन्टर खरिद | पञ्चपुरी १ | २,००,०००।- | सोझै खरिद | |
| ५ | ने रा आवि हासेगाउ ल्यापटप प्रिन्टर र मेसिनरी औजार खरिद | पञ्चपुरी १ | १,००,०००।- | सोझै खरिद | |
| ६ | वडा नं. २ को विधालय व्यवस्थापन | पञ्चपुरी २ | ३,००,०००।- | सोझै खरिद | |

निर्णय नं. २० : पञ्चपुरी नगरपालिका वडा नं. २ निवासी कुमार रावलले काम गर्ने सिलसिलामा गम्भिर शारीरिक चोट लागेकोले निज व्यक्तिको आर्थिक अवस्था कमजोर भएको र मिति २०८२।१।२० गते यस पालिकाबाट आर्थिक सहयोगको माग निवेदन मार्फत भएको तथा वडा

प्रमाणित

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश

लालगिर भण्डारी
नगर प्रमुख

नं. २ बाट सिफारिस समेत भइ आएको हुदा निजलाई आर्थिक सहायता स्वरुप रु २५,०००।– (अक्षरुपी पच्चीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २१:** यस नगरपालिकाका ११ वटै वडा कार्यालयबाट राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण, सामाजिक सुरक्षा लगायतको विधुतीय सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय तथा सहज बनाउन प्रत्येक वडा कार्यालयमा तपसिल बमोजिम एक/एक थान Iris Device (Iris Scanner) आवश्यक रहेको हुदा प्रत्येक वडालाई आवश्यक पर्ने उक्त मेसिनरी सामाग्री लागि आवश्यक रकम आ.व. २०८२।०८३ मा रहेको बजेट खर्च शीर्षक (र्‍याफ्टींग चेन्जिंग रुम ट्वाइलेट निर्माण वडा नं ५ र ११)मा विनियोजित रु ९,००,०००।-(अक्षरुपी नौ लाख) र कन्टिजेन्सी खर्च शीर्षकमा रहेको रु ५०,०००।- (अक्षरुपी पचास हजार) बाट शीर्षक परीवर्तन गरी श्रोत व्यवस्था गर्ने र सोझै खरिद गर्ने निर्णय गरियो । यस आ.व. मा सम्पन्न नभए आगामी आ.व.मा दायित्व सार्ने निर्णय गरियो ।

तपसिल:

| क्र. सं | साविकको आयोजना तथा विनियोजित रकम | | हाल कायम हुने आयोजना तथा कार्यक्रम | विनियोजित रकम रु | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | (र्‍याफ्टींग चेन्जिंग रुम ट्वाइलेट निर्माण वडा नं ५ र ११) | रु ९,००,०००/- | ११ वटै वडाहरुका लागी Iris Device (Iris Scanner) खरिद कार्यक्रम | ९,५०,०००/- | सोझै | |
| २ | कन्टीजेन्सी | रु ५०,०००/- | | | | |

**निर्णय नं. २२ :** यस नगरपालिकामा आ.व. २०८२।०८३ मा ठेक्का अवधि समाप्तीमा रहेका तपसिलका विभिन्न ठेक्काहरुको म्याद थप गर्नका लागि निर्माण व्यवसायीहरुले निवेदन पेश गर्नु भएकोले तपसिल बमोजिम सम्झौता समयावधी थप गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र. सं. | आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | ठेक्काको सम्झौता अवधि | सम्झौता अवधि थप गर्नुपर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जम्बुफाट हासेगाउ छिपछिपे मानासैनी धनबोट स्तरोन्नती | PMO/SKT/NCB/WORKS/082/083-02 | जुना निर्माण सेवा प्रा.लि. | २०८३।०३।१५ | २०८३।०५।१५ | |
| २ | बाबियाचौर, कालापानी लामिदभार तोक्मा | PMO/SKT/NCB/WORKS/082/083-03 | बाबियाचौर कन्स्ट्रक्सन प्रा.लि. | २०८३।०३।१५ | २०८३।०८।३० | |

प्रमाणित

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लगाम हुँदै मदन भण्डारी जोड्ने सडक | | | | | |
| ३ | धनबोट देखि वडा नं ७ जोड्ने सडक | PMO/SKT/NCB/WORKS/082/083-01 | KNS-KEMS-PNS J/V | २०८३।०३।१५ | २०८३।०८।१५ | |
| ४ | चतुरे दहताल सडक | PMO/SKT/NCB/WORKS/082/083-04 | BNS-LB J/V | २०८३।०३।१५ | २०८३।०९।३० | |
| ५ | ज्यामिरे खानेपानी आयोजना | PMO/SKT/NCB/WORKS/082/083-05 | Multipurpose Bulild service pvt ltd. | २०८३।०३।१५ | २०८३।०९।१५ | |
| ६ | Health Institute Building | PMO/SKT/NCB/WORKS/082/083-07 | AR engineering consultancy & Construction Pvt ltd. | २०८३।०३।१५ | २०८३।१०।१५ | |
| ७ | कालापानी बरैचे – चनाली सडक निर्माण आयोजना | PMO/SKT/ROAD/NCB/2078/079-03 | Baraha Nirman Sewa | २०८२।०७।२० | २०८३।०८।२९ | |

**निर्णय नं.२३** : आगामी आ.व. २०८३/०८४ मा गिट्टि र वालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम ठेक्का गर्नुपर्ने भएकोले सोही मापदण्ड बमोजिम आ व २०८२।०८३ मा IEE भएका तपसिलको खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन गर्न रु २,००,०००।- विनियोजन गर्ने र चालु आ.व. मा कार्यान्वयन हुने नसकेमा दायित्व सारी आगामी आ व २०८३।०८४ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | खोलाको नाम र स्थान | आयोजना स्थल | विनियोजित रकम रु | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| २. | बट्टीखहरे, तीखाकुना, बाग्गाड, गल्फा, कसेनी, बरैचे, चौरको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्य । | पञ्चपुरी नगरपालिकाका विभिन्न वडाहरु | २,००,०००/- | परामर्श/सोझै खरिद | |
| | जम्मा खर्च | | २,००,०००/- | | |

**निर्णय नं. २४** :पञ्चपुरी नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न ढुंगा, गिट्टि र वालुवा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम ठेक्का गर्नुपर्ने भएकोले सोही मापदण्ड बमोजिम पञ्चपुरी नगरपालिका भित्र रहेका तपसिल बमोजिमका खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्न रु ५,००,०००।- विनियोजन गर्ने र चालु आ व मा कार्यान्वयन हुने नसकेमा दायित्व सारी आगामी आ व २०८३।०८४ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमाणित

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
याबियाचौर, सुर्खेत
कर्णाली प्रदेश
नेपाल

लालबिर भण्डारी
नगर प्रमुख

CamScanner

तपसिल:

| क.सं. | खोलाको नाम र स्थान | विनियोजित रकम रु | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|
| १. | च्युरीखोला पञ्चपुरी-७, बसन्ते राग खोला पञ्चपुरी-९, तातापानी खोला र हुड्के खोला पञ्चपुरी-१० र ११, दुलालथाई खोला ( मैनीघाट) पञ्चपुरी-८, कसेनी (माझिगाउँ) खोला पञ्चपुरी-८, सुनधुने खोला वडा नं १ को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्य । | ५,००,०००/- | सोझै/परामर्श | |
| | जम्मा खर्च | ५,००,०००/- | | |

**निर्णय नं. २५** : आ.व.२०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम योजना फरफारकका लागि हाल सम्म पनि भुक्तानीको लागि पेश हुन बाकी रहेकोले असार मसान्तसम्मको अन्तसम्मको लागि काम व्यस्त रहने आर्थिक प्रशासन शाखामा काम गर्ने कर्मचारीहरुको लागि असार १० देखि मसान्तसम्म खाना, खाजा र बासको लागि के.सी. होटलमा व्यवस्था मिलाउने तथा अन्य शाखा (प्रशासन शाखा, योजना शाखा, पूर्वाधार शाखा लगायतका) काम व्यस्त रहने शाखाहरुको लागि खाना र खाजाको बन्दोवस्त मिलाइ सोही अनुसारको भुक्तानी दिने ।

**निर्णय नं.२६** : आ.व.२०८२।०८३ मा संघीय नमूना विधालय कार्यक्रमको भौतिक निर्माण तर्फ जनता मा.वि विधापुर सुर्खेतलाई विनियोजित रकम रु १,००,००,०००।- (अक्षरुपी एक करोड) मा निर्माणाधिन Staff Quarter Block Constructio (JMSO/SKT/BUILDING/082/083-02) को हालको मूल्यांकन रकम रु ४८,९६,२४३।३३ (अक्षरुपी अट्चालिस लाख छैयानब्बे हजार दुईसय त्रिचालिस रुपैया तेत्तिस पैसा) विधालयलाई भुक्तानी दिने र गुरुयोजना बमोजिम गर्नुपर्ने अन्य भौतिक निर्माणका काम गर्न बाकी नै रहेकोले उक्त बाकी भौतिक निर्माणको काम गर्नको लागि रु ५१,०३,७५६।६७ (अक्षरुपी एकाउन्न लाख तीन हजार सात्सय छपन्न रुपैया सतसठ्ठी पैसा) पेश्की स्वरुप विधालयलाई निकासा दिने निर्णय गरियो ।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश नेपाल

लालविर भण्डारी
नगर प्रमुख

२०८२/०३/१८

नारायण बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २७ : यस नगरपालिकामा आ.व २०[illegible] मा ठे[illegible] समाप्तीमा रहेका तपशिलका सडकका ठेक्काहरुको म्याद थप गर्नका लागी निर्माण व्यवसायीहरुले नि[illegible]श गर्नु भएकोले तपशिल बमोजिम सम्झौता समयाअवधी थप गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र. स | आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | ठेक्काको सम्झौता अबधी | सम्झौता अबधी थप गर्नुपर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Road Pavement Works along palaite bazzer –Bahun tole hudai Shivashakti dham | PMO/SKT/NCB /WORKS/081/0 82/08 | रोशनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | 2082/03/25 | 2083/06/30 | |
| २ | Dhanbot Dekhi masanghat Sadak naya track nirman Pa.na ward no 7 | PMO/SKT/NCB /WORKS/082/0 83/07 | के.सी. एण्ड नविना कन्स्ट्रक्सन | 2083/03/15 | 2083/07/30 | |
| ३ | Tapta Bista Smriti Marga Staronnati | PMO/SKT/NCB /WORKS/082/8 3-06 | रबिन्द्र निर्माण सेवा | 2083/03/15 | 2083/07/30 | |

प्रमाणित

२०८३/०३/०८

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश
नेपाल

लालबिर भण्डारी
नगर प्रमुख

CamScanner

निर्णय नं. २८: पञ्चपुरी नगरपालिकाका पुराना अघिल्लो आ.व.हरुबाट दायित्व सर्दै आएका तपसिलका सडक आयोजनाका ठेक्काहरुको आ.व. २०८२।०८३ को बजेटबाट बजेट विनियोजन गर्न छुट भएकोले उक्त ठेक्काहरुको कामको भुक्तानी रनिंग बिल संघ, प्रदेश, सडक बोर्ड नेपाल, झोलुंगे पुल र अन्य नगर साझेदारी शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | Road pavement works alongs palaite bazzar Bahun tole hudai shivasakti dham | PMO/SKT/NCB/WORKS/081/082-08 | रोसनी कन्स्टक्सन सप्लायर्स प्रा.लि. | |
| २ | Kalapani Baraiche chanali Road Construction, Panchapuri-4 | PMO/SKT/NCB/ROAD/NCB/2078/079-04 | बराह निर्माण सेवा | |

प्रमाणित

२०८२।०३।०८

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

लालबिर भण्डारी
नगर प्रमुख